# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, पुष ०१ गते, २०८१ साल (संख्या ०९)

# भाग २

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

## सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८१।०८।२४ मा स्वीकृत "**प्रदेश सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०८१**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### प्रदेश सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०८१

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को नियम ६ मा संशोधन**: प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः-

"६. **अनुसूचीमा हेरफेर वा थपघट**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।"

२. **मूल नियमावलीको अनुसूचीमा संशोधन**: मूल नियमावलीको अनुसूची-२ को,-

(१) खण्ड २ आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गतको सि.नं. ४३ पछि देहायको सि.नं. ४४ थपिएको छः-

"४४. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन।"

(२) खण्ड १० सामाजिक विकास मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गतको,-

(क) सि.नं. १२ र सि.नं. १३ झिकिएको छ।

(ख) सि.नं. १६ को सट्टा देहायको सि.नं. १६ राखिएको छः-

"१६. महिला, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, किसान, श्रमिक, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको अधिकारको संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन,"

(ग) सि.नं. १७ मा रहेको "प्रदेशस्तरमा" भन्ने शब्द पछि "महिला," भन्ने शब्द थपी त्यसपछि देहायको सि.नं. १८ थपिएको छ:-

"१८. स्वयंसेवक परिचालन सम्बन्धी कार्य"

**आज्ञाले,**
**ईश्वरराज पौडेल**
**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी),नेपालमा, मुद्रित।
मूल्य रु. ५|-